गण्डकी गाउँपालिका
Gandaki Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
भुम्लीचोक, गोरखा (Bhumlichok, Gorkha)
गण्डकी प्रदेश, नेपाल (Gandaki Province, Nepal)

प.सं:(DispatchNo.) : ०८०/८१
च नं.(Ref.No) : १२२५

गण्डकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भुम्लिचोक, गोरखा गण्डकी प्रदेश, नेपाल २०७३

मिति(Date) : २०८०/०८/२०

श्री नव प्रतिभा कन्स्ट्रक्सन,
कावासोती ८, नवलपुर ।

**विषय: सम्झौता गर्न आउने सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा, गण्डकी गाउँपालिका क्षेत्र भित्र तथा सीमा क्षेत्र भएर बहने बुढीगण्डकी तथा त्रिशुली नदि र अन्य खोलाहरुको किनार घाटवाट ढुंगा, गिट्टी, बालुवा जस्ता नदिजन्य पदार्थहरु उत्खनन, संकलन तथा बिक्री वितरण गर्ने कार्य ठेक्का मार्फत गर्ने प्रयोजनका लागि मिति २०८०/०७/२३ मा आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा तेस्रो पटक प्रकाशित सूचना बमोजिम पर्न आएका विभिन्न आय ठेक्का सम्बन्धी बोलपत्रहरु मध्ये ठेक्का नं. GRM/GOODS/1/2080/81 त्रिशुली नदि बुट्टारघाटको लागि (भ्याट र आय कर वाहेक) रु.३८,४७,०००।०० (अठतिस लाख सतचालिस हजार मात्र) कवोल अंक सहित त्यस फर्मको नामवाट पेश हुन आएको बोलपत्र न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भएकोले उक्त बोलपत्र स्वीकृत गर्ने मिति २०८०/०८/११ को कार्यालयको निर्णयानुसार बोलपत्र स्वीकृत गरिएको छ। अतः सार्वजनिक खरिद ऐन कानून बमोजिम आफुले कवोल गरेको अंकको एकमुष्ठ (छुट नहुने) वा ५० प्रतिशत रकम र कवोल अंकको १३% ले हुने मुल्य अभिवृद्धि कर र १५% आयकर वापतको रकम एकमुष्ठ पुरै लाग्ने १३ प्रतिशत रकम भ्याट एवं १.५ प्रतिशत आय कर समेतको रकम तपसिल दाखिला गरी र बाँकी दोस्रो किस्ताको हकमा १० प्रतिशत रकम थप गरी वाणीज्य बैंक वा नियमानुसार बैंक ग्यारेन्टी बनाई बैंक ग्यारेन्टी पत्रको सक्कलै प्रति सहित पत्रका मितिले १५ (पन्द्र) दिन भित्र सम्झौता गर्न आउनु हुन जानकारी गराईन्छ। तोकिएको समय भित्र नियमानुसार सम्झौता गर्न नआउनु भएमा प्रचलित नियमानुसार भई जाने व्यहोरा यसै पत्र साथ जानकारी गराईन्छ ।

तपसिल

| क्र.स. | ठेक्का नं. | नदि तथा घाटको नाम | ठेक्का कवोल अंक (भ्याट र आयकर वाहेक) | पहिलो किस्तामा जम्मा गर्नु पर्ने रकम | १३ प्रतिशत भ्याट वापतको रकम पुरै | १.५ प्रतिशत आयकर वापतको रकम पुरै |
|---|---|---|---|---|---|---|
| १ | GRM/GOODS/1/2080/81 | त्रिशुली नदि बुट्टारघाट | ३८,४७,०००।०० | १९,२३,५००।०० | ५,००,११०।०० | ५७,७०५।०० |

रकम जम्मा गर्ने

किस्ता वापत गाउँपालिकामा बुझाउनु पर्ने रकम कृषि विकास बैंक भुम्लीचोक शाखामा रहेको स्थानीय विभाज्य कोष खाता नं. ०३२५८०१४९१८३५०३५ मा रकम दाखिला गरेको सक्कल भौचर र १३ प्रतिशत भ्याट र १.५ प्रतिशत आयकर वापतको रकम सम्बन्धित राजस्व कार्यालयमा गण्डकी गाउँपालिकाको नाममा दाखिला गरी सक्कलै भौचर र बाँकी दोस्रो किस्ताको लागि बैंक जमानत पत्र पेश गर्नु पर्ने ।

रिजेश उमरकोटी
प्रमुख प्रशासकीय अधिकृत